आज मिति २०८०/०७/०३ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख

२. कृष्ण सापकोटा, न्यायिक सहजकर्ता

<u>कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची</u>

बैठक संख्या: २९

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०।०७।०३

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०७।०३ | ८:०० | खर्च ब्यवस्थापनमा सहयोग सम्बन्धमा। | सामाजिक विकास शाखा | १ |
| २०८०।०७।०३ | ८:०५ | बाल अधिकार तथा संरक्षण सम्बन्धी कार्ययोजना सम्बन्धमा। | सामाजिक विकास शाखा | २ |
| २०८०।०७।०३ | ८:१० | EQUIP AND BUID NEPAL लाई कार्यक्रम संचालन गर्न अनुमति सम्बन्धमा। | सामाजिक विकास शाखा | ३ |
| २०८०।०७।०३ | ८:१५ | प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदनको कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा । | पुर्वाधार विकास शाखा | ४ |
| २०८०।०७।०३ | ८:२५ | नदीजन्य प्राकृतिक श्रोत उपभोग सम्बन्धमा। | पुर्वाधार विकास शाखा | ५ |
| २०८०।०७।०३ | ८:३० | बहुक्षेत्रीय पोषण कार्यक्रम २०८०।८१ को बजेट स्वीकृत सम्बन्धमा। | बहुक्षेत्रीय पोषण कार्यक्रम | ६ |
| २०८०।०७।०३ | ८:३५ | प्लाष्टिकजन्य फोहोरबाट हस्तकलाका सामाग्री निर्माण सम्बन्धी तालिम संचालन सम्बन्धमा। | भवन तथा बस्ती विकास शाखा | ७ |
| २०८०।०७।०३ | ८:४० | इच्छाकामना– ३, मौवाखोलाको शौचालय निर्माण सम्वन्धमा। | योजना शाखा | ८ |

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।०६।१९ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**२९ औं कार्यपालिका बैठकको निर्णयहरुः**

निर्णय नं.१: यस गाउँपालिकाबाट चेपाङ संङ्गको नेतृत्वमा धादिङ्ग जिल्लाको गजुरी गाउँपालिकामा चेपाङहरुको न्वाङ्गी पर्वको अवसरमा आयोजित मिति २०८० भाद्र २२ गते सम्पन्न शुभकामना आदान प्रदान तथा मनोरञ्नात्मक कार्यक्रमा भएको रु.३०,०००।- (अक्षेरपि तीस हजार मात्र) बराबरको रकम आयोजकबाट प्राप्त बिल भर्पाईका आधारमा गाउँपालिकाले उपलब्ध गराउने।

निर्णय नं.२: EQUIP and BUILD NEPAL संस्थालाई गाउँपालिकाको समन्वयमा गाउँपालिकाका विपन्न, लोपोन्मुख तथा पिछडिएको क्षेत्रका समुदायलाई लक्षित गरी आत्मनिर्भर बनाउन बिभिन्न सिपमूलक कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने।

निर्णय नं.३: इच्छाकामना गाउँपालिकाका बालबालिकाहरुको संरक्षणका लागि तयार पारिएको गाउँपालिकाको ३ बर्षे कार्ययोजनाको मस्यौदा स्वीकृत गर्ने।

निर्णय नं.४: इच्छाकामना गाउँपालिका वडा नं. ७, खेतबारीमा निजी जग्गामा मत्स्यपालन पोखरी निर्माण कार्यको लागि नारायणी ट्रेनिङ एण्ड इन्जिनियरिङ्ग प्रा.लि. ले तयार पारेको र खैरहनी नगरपालिका वडा नं. २ मा रहेको माता कंकालिनी निर्माण सेवा प्रा.लि. ले पेश गरेको IEE Report को कार्यसूची स्वीकृत गर्ने।

निर्णय नं.५: इच्छाकामना गाउँपालिकाको वडा नं. ४ मा निर्माणाधिन सुपर त्रिशुली जलविद्युत आयोजना क्षेत्रमा IEE प्रतिवेदन बमोजिमको परिमाणमा बारबाङ्ग खोला र जीवन बगरबाट नदीजन्य सामाग्री (ढुङ्गा, गिट्टी बालुवा) उत्खनन् गरी घाटगद्दी गरी गाउँपालिकाको प्राविधिकको प्रत्यक्ष निगरानी र नापजाँच पश्चातमात्र निकासी गर्ने गरी उक्त आयोजनामा नै प्रयोग गर्न अनुमति प्रदान गर्ने।

निर्णय नं.६: बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि पेश हुन आएको आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

निर्णय नं.७: गाउँपालिका भित्र निस्कने ठोस फोहोर व्यवस्थापन तथा गाउँपालिकाको स्थानीय पाठ्यक्रममा समावेश फोहोर व्यवस्थापन विषयलाई लक्षित गरी वडा नं. ३ मा रहेको माझगाउँ मा.वि., वडा नं. ४ मा रहेको सर्वशान्ति मा.वि. र वडा नं. ५ मा रहेको त्रिवेणी बराह मा.वि. तथा वडा नं. ४ र ५ का होटल व्यवसायी संङ्घहरुको सहकार्यमा हस्तकलाका सामाग्री निर्माण सम्बन्धी तालिम सञ्चालन गर्न यसै गाउँपालिकाको वडा नं. ३ चुम्लिङटारमा रहेको वेकारबाट आविस्कार नामक संस्थालाई अनुमति प्रदान गर्ने र गाउँपालिकाको तर्फबाट उक्त कार्यक्रम सञ्चालनको लागि प्रति कार्यक्रम रु. २०,०००।- (अक्षेरपि बीस हजार मात्र) उपलब्ध गराउने।

निर्णय नं.८: यस बर्षको बर्षातका कारण क्षति भएको वडा नं. ३ स्थित मौवाखोला शौचालय उपभोक्ता समिति मार्फत पुनःनिर्माण भएको शौचालयको निर्माण खर्च मर्मत संभार कोषबाट खर्च लेख्ने।

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष